# बा



दिल सिजाली दिवाना

दन्त्यकथाजस्तो यो सृष्टि
वर्षौंअघिबाले उतार्नुभएको सपनाहरुको ब्लुप्रिन्टहो ।

हाम्रो यो ‘आज’को भयानक डिजाइन
बाले ठेलाहरु नारेर गर्नुभएको हो हत्केलामा ।

औंला समातेर बालखजस्तो समयलाई
डोऱ्याउँदै ल्याइपुऱ्याउनुभएको हो बाले यहाँसम्म ।

हाम्रो भविष्यको यो पुरानु नक्सा
कुटोलेकोर्नुभएको हो बाले
पाखोबारीको पोर्ट्रेटमा ।

र, करेसाको पन्नाभरि
चलाएर जाँगरको कुची
पोतिबस्नुहुन्छबावसन्तका सघन रङ्गहरु ।

बयेली खेलिबस्थ्यो पसिनाको गन्धहरु
दलिनमाझुण्डिबसेको बाको लबेदामा ।

मैले कैयनपटक भेटेको छु बालाई
असारे झरीको यौवनले लुछुप्पै भिज्नुभएको
र, हृदयको गीतउखेलेर
टाँसिदिनुएको गैह्रीखेतको निधारमा ।

सखारै तरुनीडेटमाजानुभएकोबाले
मुसारिराख्नुहुन्छधानकाओंठहरु
र, घुसारेर ल्याउनुहुन्छईंजारमाजतनसाथ
माटोको सुकिलो प्रेम ।

घामले डाक्नुअघि,

बाले टिपेर ल्याउनुहुन्छ चराकालयहरु
र, उबाउनुहुन्छडालीभरि घट्टका संगीतहरु ।

यसरी बाले चेपिदिनुभएकोहो हाम्रो घरको चुल्ठोमा
एक थुङ्गाजून,
र, छोडाइबस्नुहुन्छमझेरीभरि ताराका केस्राहरु ।

आफ्नै गाँस काटेर बाले
पस्कनुहुन्छ बोहतामा
भागबस्न आएकाभोकका लस्करहरुलाई ।

आँगनमा खुसीको इन्द्रणीटाङ्नलाई,
उन्नुभएको छ बाले आफ्ना रहरहरुआँसुको डोरोमा
र, भित्ताहरुमाहाँसोको पाइनदल्नलाई
फिट्नुभएको छ आफ्नै रगतपसिना ।

आजभोलिबाको गालाबाट
बगिरहेछउमेरकानदीहरु
र, खेलिरहेछ काँसकाफूलहरु बाको शिरभरि ।

नाम्लोबरियाको पाइलाहरु भास्सिएछबाको थाप्लोमा
र, भारीले लाछेछ पिठ्यूँका जैतुनहरु ।

बाले अनायासै बिसाउनुभएछ,
ठस्ठसीगन्हाउने जिन्दगीको यो मैलो पन्तुरो
किनारतिर कतै घिस्रिबसेको दुक्खको बागमतीमा।

निजगढ, बारा